आज मिति २०७९ साल असोज ०६ गते बिहीबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको पाँचौं बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थितीः

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य | ९८४०२३५९२१ | |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य | ९७४४२८६११३ | |
| २३. | श्री अनिल परियार | सदस्य | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य | ९८६४४८६१९७ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमन्त्रितः १. श्री मिन बहादुर कुँवर का.वा. वडाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २. | श्री किशोर ब. भाट | का.वा. वडा अध्यक्ष वडा नं.६ | 97848255514 | |
| ३. | श्री नृप विश्वकर्मा | कानुन शाखा ऊ.प्र. | ९८४८६०४९२० | |

प्रस्तावहरुः

१. बाढी/पहिरोबाट भएको क्षतिको विवरण पठाउने सम्बन्धमा।

२. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि वडा छनौट गर्ने सम्बन्धमा।

४. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम शाखा/सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा।

५. सार्जनिक सुनुवाई कार्यक्रम सम्बन्धमा।

६। ढुंङ्गा, गिट्टी बालुवाको टेन्डर सम्बन्धमा।

७। आर्थिक सहयोग सम्बन्धमा।

८। बाढी पिडीतको लागि राहत उपलब्ध गराउने सम्बन्धमा।

९. घर अभिलेखीकरण गर्ने सम्बन्धमा।

१०. दशैं/तिहार शुभकाममना आदान प्रदान सम्बन्धमा।

११.विविध

निर्णयहरुः

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९ साल भाद्र ३१ गते देखि २०७९ साल असोज १ गते सम्म परेको अविरल बर्षाका कारणले अछाम जिल्लाका विभिन्न ठाउँहरुमा झैं यस साँफेबगर नगरपालिकाका सबै वडाहरुमा घटेका विपद जन्य घटनाहरुबाट भएको क्षतिको विवरण घटनास्थलको प्रहरी प्रतिवेदन र फोटो सहित यथाशीघ्र यस साँफेबगर नगरपालिकामा पेश गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु मध्ये ५ बर्ष मुनिका बालबालिका, पूर्ण अपाङ्गता भएका व्यक्ति र ६८ बर्ष माथिका ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित वडामा गई वितरण गर्न सम्बन्धित बैंकहरुलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित लघु उद्यम विकास कार्यक्रम आ.व. २०७९/८० मा यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडाहरुमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

वडा नं. ११, १२, १३ र १४

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालनको लागि शाखा तथा सम्पर्क व्यक्तिको रुपमा यस साँफेबगर नगरपालिकाका सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरालाई तोक्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको गत आ.व.२०७८/०७९ मा सम्पन्न बार्षिक कार्यक्रम तथा उक्त अवधिमा नगरपालिका बाट सम्पादित गतिविधिहरुको बारेमा सेवाग्राही नागरिक र कार्यालयबीच साक्षात्कार गर्ने उद्धेश्यले विजया दशमी तथा तिहारको बीचमा सार्वजनिक सुनुवाईको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाक्षेत्र अन्तर्गतका नदीनालाहरुबाट उठाउने ढुंगा गिट्टी बालुवाको आ.व. २०७९/०८० मा उत्खनन तथा निकासी गर्ने प्रयोजनको लागि रकम रु. ७० लाखमा ३० दिने सूचना जारी गरी टेण्डर आव्हान गर्न प्रथम पटक मिति २०७९/०५/०२ गतेको प्रकाशित सूचना अनुसार कुनैपनि फर्म वा कम्पनिको बोलपत्र पेश नभएकोले पुनः दोस्रो पटक रकम रु. ६० लाखमा १५ दिने सूचना जारी गरी सो सूचना स्थानीय सञ्चार माध्यममा सम्प्रेषण गरी टेण्डर आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगको लागि विभिन्न व्यक्तिहरुलाई सिफारिस गर्दा त्यस्ता व्यक्तिहरु वास्तविकरुपमा सहयोग उपलब्ध गराउने व्यक्तिको सूचीमा पर्ने वा नपर्ने के हो? सो कुराको वास्तविक पहिचान गरेर मात्र नगरपालिकामा सिफारिस गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७९ साल भाद्र ३१ गते देखि २०७९ साल असोज १ गते सम्म परेको अविरल बर्षाका कारणले अछाम जिल्लाका विभिन्न ठाउँहरुमा बाढी पहिरो गई व्यापक जनधनको क्षति भएको र सो क्षतिबाट पिडीत तथा प्रभावित व्यक्तिहरुलाई राहत प्रदान गर्नको लागि प्रति परिवार रु. ११,०००/- का दरले रकम रु. ७७,०००/- अक्षेरुपी सतहत्तर हजार जिल्ला विपद् व्यवस्थापन समिति अछाम मार्फत उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रका पूर्व निर्मित घरहरुलाई घर नक्सा पासको दायरामा ल्याउन अभिलेखीकरण गर्नुपर्ने भएकोले २०८० साल असार मसान्त भित्र त्यस्ता घरहरुको अभिलेखीकरणको लागि नगरपालिकामा आवेदन गर्न सम्बन्धित घरधनीहरुको जानकारीको लागि सूचना प्रकाशित गरी जानकारी गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा हिन्दु नेपालीहरुको महान चाड विजया दशमी तथा तिहारको अवसर पारेर यही मिति २०७९ साल असोज ११ गते मध्यान्ह १२:०० बजे नगरपालिकाको सभाहलमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।